# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबारे जानकारी

स्वदेशी सोच, स्वेदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट कृषि विकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाको रुपमा कृषि क्षेत्रको आधुनिकिकरण, विशिष्टिकरण र औधोगिकिकरणको माध्यमवाट उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आबश्यक प्रविधि तथा उत्पादन सामाग्रीको ब्यवस्था, बाली/बस्तु उत्पादनमा यान्त्रिकरण, प्रशोधन तथा बजारीकरणको लागि आबश्यक पूर्वाधारको ब्यवस्था जस्ता कृयाकलाप मार्फत कृषि क्षेत्रको आधुनिकिकरणको परिकल्पना सहित प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाचालु आ.व २०७३/७४ वाट संचालनमा रहेको छ ।

परियोजनाका उद्देश्यहरु देहाय वमोजिम रहेका छन् ।

१. प्रमुख कृषि उपजहरुको विशिष्टकृत क्षेत्रहरु निर्माण गर्ने

२. निर्यात योग्य कृषिबस्तुहरुको मूल्यअभिवृद्धि गर्दै प्रतिश्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,

३. कृषि लाई सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने, र

४.बहुसरोकारवाला निकायहरु बिचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने रहेको छ ।

परियोजनाका ४ वटा सम्भागहरुयस प्रकार रहेका छन् ।

१.साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम.

२. व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम

३. व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम

४. कृषि औधोगिकक्षेत्र (सुपरजोन) विकास कार्यक्रम

परियोजनाका उल्लेखित ४ वटा संभागहरु अन्तर्गत निम्न बाली बस्तुहरुमा ७५ वटै जिल्लाहरुमा परियोजना कार्यान्वयनमा रहेको छ ।

| क्र.सं. | बाली | ब्लक | जोन | सुपरजोन |
|---|---|---|---|---|
| १ | मकै/मकै बीउ | दार्चुला, बैतडी, डडेल्धुरा, दैलेख, सुर्खेत, सल्यान, म्याग्दी, प्युठान, बाग्लुङ, स्याङ्जा, पाल्पा, गोरखा, रोल्पा, जाजरकोट, मकवानपुर, ललितपुर, रामेछाप, धनकुटा, ओखलढुंगा, सिन्धुली, काभ्रे, | बाँके, धादिङ, गुल्मी, पर्वत, खोटाङ | दाङ |
| २ | आलु | ताप्लेजुंङ, सोलुखुम्बु, उदयपुर, रसुवा, धादिङ, मनाङ, मुस्ताङ, जुम्ला, बाजुरा, बझाङ, अछाम, डोटी, दार्चुला | डडेल्धुरा, नुवाकोट भक्तपुर | काभ्रे |
| ३ | जुनार | रामेछाप | सिन्धुली | |
| ४ | अदुवा/बेसार | पाँचथर, संखुवासभा, सोलुखुम्बु, तेह्रथुम, भोजपुर, ओखलढुंगा, पाल्पा, प्युठान, डोटी | सल्यान, सुर्खेत | |
| ५ | अलैची | इलाम, ताप्लेजुंङ, तेह्रथुम, संखुवासभा, भोजपुर, खोटाङ, दोलखा, लमजुङ, रोल्पा | पाँचथर | |
| ६ | तरकारी | सिन्धुपाल्चोक, बझाङ, बैतडी, डडेल्धुरा, सुर्खेत, सल्यान, म्याग्दी, स्याङजा, धादिङ, काठमाण्डौ, भक्तपुर, ललितपुर, मकवानपुर, बारा, धनकुटा, इलाम, अछाम, डोल्पा, रुकुम, पर्वत, गुल्मी, अर्घाखाची, रुपन्देही, लमजुङ, तनहुँ, रसुवा, नुवाकोट, काभ्रे, ससरी, मोरङ | चितवन, पाल्पा, धनकुटा, पर्सा, रौतहट | कास्की |
| ७ | धान | सिन्धुपाल्चोक, कैलाली, कन्चनपुर, महोत्तरी, बाँके, दाँङ, | कन्चनपुर, | झापा |

| | | | | |
|---|---|---|---|---|
| | | कपिलवस्तु, नवलपरासी, चितवन, पर्सा, रौतहट, सर्लाही, धनुषा, सिराहा, सुनसरी, झापा, नुवाकोट, काठमाण्डौ, भक्तपुर, सिन्धुली, बारा, सप्तरी, रुपन्देही, कास्की | कपिलवस्तु, प्युठान, बर्दिया, सर्लाही | |
| ८ | माछा | कैलाली, कन्चनपुर, बर्दिया, महोत्तरी, बाँके, दाँङ, कपिलवस्तु, नवलपरासी, चितवन, पर्सा, रौतहट, सर्लाही, धनुषा, सिराहा, सुनसरी, झापा, नुवाकोट | मोरङ, रुपन्देही | बारा |
| ९ | सिमि | जुम्ला, हुम्ला, मुगु, कालिकोट | | |
| १० | सुन्तलाजात | दैलेख, बाग्लुङ, पर्वत, गुल्मी, अर्घाखाँची, तनहुँ, गोर्खा, कास्की | उदयपुर, सोलुखुम्बु, स्याङ्जा | |
| ११ | स्याउ | हुम्ला, मुगु, डोल्पा, कालिकोट, रुकुम, मनाङ, मुस्ताङ | | जुम्ला |
| १२ | जैतुन | | बाजुरा | |
| १३ | आँप | | सप्तरी | |
| १४ | गहुँ | | | कैलाली |
| १५ | केरा | बर्दिया | | |
| १६ | किवि | दोलखा | | |
| १७ | भटमास | जाजरकोट | | |
| १८ | | | | |
| | | | | |

परियोजनाको सम्बन्धमा थप जानकारीको लागि देहायको ठेगानमा सम्पर्क राखुहुन अनुरोध छ ।

परियोजना व्यवस्थापन इकाई, वसुन्धरा, काठमाण्डौ ।
सम्पर्क नं.हरु — ०१-४३६१५२२, ०१-४३६५३४९, ४३६५९५७, ०१-४३६५५४६
इमेल ठेगानाः pmamp.pmu@gmail.com